Australian Government | jobactive

Nepali

# हाल Job Services Australia ( नोकरी सेवा अष्ट्रेलिया) मा job seekers (नोकरी खोज्नेहरु) का लागि जानकारी

## के परिवर्तन हुँदैछ?

तपाईलाई नोकरी प्राप्त गर्न र नोकरीमा टिक्नको लगि अष्ट्रेलियाको सरकारले नयाँ jobactive(जब एक्टिभ)नामक नयाँ नोकरी सेवा लागू गर्दैछ। jobactive १ जुलाई २०१५ देखी शुरुवात हुँदैछ र यसले Job Services Australia लाई प्रतिस्थापित गर्दैछ।

यो परिवर्तन भनेको तपाईलाई १ जुलाई २०१५ देखी काम खोज्नकोलागि मद्दत गर्ने एउटा नयाँ संस्था हुनेछ।

## jobactive के हो?

jobactive भनेको काम खोजिरहेका मानिसहरुलाई काम पाउन मद्दत गर्ने रोजगार सेवाहरूको नयाँ सरकारी मोडेल हो। यसले तपाईलाई आफ्नो व्यक्तिगत आवश्यकतामा आधारित मद्दत हासिल गर्न पहुँच दिन्छ। यसमा निम्न कुराहरु समावेश छन्:

- काम खोज्न, RESUME लेख्न र अन्तर्वाताको तयारी गर्न मद्दत गर्दछ
- तपाईको स्थानिय ईलाकाका नोकरीको लागि सिफारिस गर्दछ
- स्थानिय रोजगारदाताको आवश्यकता अनुसारको तालिम दिने
- मामिला व्यवस्थापन तसर्थ तपाईले काम लिन र स्थायी हुन तयारी गरिदिन्छ
- Work for the Dole (कामको लागि भत्ता) भर्न वा तपाईको अन्य योग्य गतिविधिमा सहयोग तपाई काम जस्तै कौशल सिक्न मद्दत र जागिर खोज्ने आफ्नो अवसरहरुमा सुधार गर्न, कामको अनुभव प्रदान गर्न।

१ जुलाई २०१५ देखी तपाईलाईकाम खोज्न मद्दत गरेका यि सबै गतिविधि Job Plan(नोकरीयोजना) मा jobactive संस्था प्रदातामा संलग्न गरिनेछ।

## मेरो लागि यसको के अर्थ छ?

१ जुलाई २०१५ देखी, केही Job Services Australia प्रबन्धकहरुले सरकारी रोजगारी सेवाहरु दिन बन्द गर्नेछ वा संख्यालाई घटाउनेछ। यसको मतलव jobactive शुरु भएपछि तपाईलाइ मद्दत गर्ने एउटा नयाँ संस्था हुनेछ।

यदि संभव छ भने, तपाई आफ्नो हालको रोजगार सेवा प्रबन्धक संगनै रहनुहोला। यदि तपाईलाई नयाँ jobactive संस्था दिएमा र तपाईलाई तिनिहरुले आफ्नो आवश्यकता अनुकुल सेवा नपुर्याउँछ जस्तो लागेमा, तपाईले आफ्नो ईलाकामा फरक संस्थाको छनौट गर्न सक्नुहुनेछ।

यदि तपाईलाई नयाँ jobactive संस्था दिएमा, तपाईको व्यक्तिगत विवरणहरु जस्तै तपाईको नाम, जन्म मिति, सम्पर्क विवरणहरु र तपाईको हालको Employment Pathway Plan (रोजगार मार्गदर्शन योजना) उक्त समुहको मा सारिनेछ। यो तपाईलाई आफ्नो रोजगार राख्न र पाउने टेवाको लागि हो।

## मैले अब के जान्नु पर्नेछ?

तपाईलाई कुनै फरक कुरा गर्न नभनिए सम्म, तपाईले निम्न कुराहरु गर्नु ज्यादै महत्वपूर्ण छः

- तपाईको आफ्नो वर्तमान Job Services Australia (नोकरी सेवा अष्ट्रेलिया) प्रदाता संगकाम गरि रहनु होला र तपाई के गर्न सहमत गर्नु भएको छ गरि राख्नुहोला
- काम खोजि रहनु होला
- तपाईलाई लाई नियोजित गरिएका रोजगारी अन्तर्वार्ता र भेट्न मिलाईएका समुहरुमा उपस्थित भै-रहनुहोला
- कुनै पनि Work for the Dole(कामकोलागि भत्ता)जस्ता कृयाकलाप वा तपाईको हालको Employment Pathway Plan (रोजगारी मार्गदर्शन योजना) मा संलग्न तालिमहरुमा सहभागि भै रहनुहोला

यदि तपाईले यि कुराहरु गर्नु भएन भने, तपाईको आम्दानी टेवा भुक्तानीमा असर पर्नेछ।

## १ जुलाई २०१५ पछि के आऊँदै छ?

तपाईको jobactive संगठनहरूले तपाई संग १ जुलाई २०१५ पछी भेट्ने समय मिलाउनकोलागि सम्पर्क गर्नेछ। उनिहरुले तपाई संग एउटा नयाँ Job Plan बनाउनेछ।

Job seekers जसको आपसी दायित्व आवश्यकताहरु छन्, त्यसमा तपाईको Job Plan को लागि निम्न कृयाकलापहरु समावेश हुनेछ:

- तपाई प्रति महिना काम खोजी को संख्या पनि पूरा गर्नुपर्छ। यो सामान्यतया २० सम्म हुनेछ तर यो तपाईको आफ्नो व्यक्तिगत परिस्थिति र तपाई कहाँ बस्नु भएकोछ त्यसमा निर्भर गर्दछ। तपाईको jobactive संगठनले तपाईले सही संख्या र प्रकारका नोकरीको खोजी गरेको कुराको जाँच गर्नेछ। तपाई नोकरी खोजीको गतिविधिहरु व्यवस्थापन www.jobsearch.gov.au र JobSearch याप्स बाट गर्न सक्नुहुनेछ।
- Work for the Dole वा अन्य मान्यता प्राप्त कृयाकलापहरु जस्तै आँशिक समयका काम, मान्यता प्राप्त कोर्शका आँशिक कालिन अध्ययन, मान्यता प्राप्त भाषा, साक्षरता र कार्य प्रशिक्षण वा हरेक वर्ष छ महिनाको स्वयंसेवक बन्ने।
  - यदि तपाई ३० वर्ष उमेरको हुनुहुन्छ भने तपाईले Work for the Dole प्रत्येक वर्ष छ महिना को लागि अर्को अनुमोदित गतिविधि का लागि कार्य प्रति हप्ता २५ घण्टा पूरा गर्न आवश्यक हुनेछ।
  - यदि तपाई ३० देखी ४९ वर्ष उमेरको हुनुहुन्छ भने तपाई ले Work for the Dole प्रत्येक वर्ष छ महिना को लागि अर्को अनुमोदित गतिविधि का लागि कार्य प्रति हप्ता १५ घण्टा पूरा गर्न आवश्यक हुनेछ।
  - यदि तपाई ५० देखी ५९ वर्ष उमेरको हुनुहुन्छ भने तपाई ले प्रत्येक वर्ष को छ महिना लागि एक अनुमोदित गतिविधि प्रति हप्ता १५ घण्टा पूरा गर्न आवश्यक हुनेछ।
- तपाई काममा तयार बन्ने मद्दत गर्न अन्य गतिविधिहरु जस्तै स्थानीय रोजगारदाताहरुलाई मिल्ने अनुरूप प्रशिक्षण गर्ने

कृपया याद गर्नुहोस् कि तपाईको नयाँ Job Plan सहमत नभए सम्म, तपाईंले आफ्नो वर्तमान Employment Pathway Plan जब सम्म तपाईं लाई अन्याथा नभने सम्म तपाईको हालको Job Services Australia प्रदायक संगनै जारी हुनुपर्छ।

यदि तपाईंले Work for the Dole जस्ता कृयाकलापहरु १ जुलाई २०१५ भन्दा अगाडी गर्दै आउनुभएको छ भने, तपाईं ले आफ्नो रोजगार सेवा प्रदायकले रोक्न नभने सम्म गतिविधिलाई निरनतरता दिई रहनुहोला।

## मलाई jobactive को बारे कसरी जानकारी प्राप्त हुनेछ?

अप्रिल २०१५ मा Department of Employment (रोजगार विभाग) तपाईंलाई jobactive को बारेमा थप जानकारी पठाउने छ। मे को प्रारम्भिक देखी अन्तिम जुन २०१५ सम्ममा रोजगार विभागले तपाई योग्य हुनु भए नभएको जनाउनेछ, र यदि आवश्यक परेमा तपाईको १ जुलाई २०१५ देखि jobactive संगठन कुन हो भनेर पनि बताईदिनेछ।

तपाईले Department of Employment लाई निम्न तिन तरिकाले सम्पर्क गर्न सक्नुहुनेछः

- SMS– यदि तपाईले हामीलाई SMS नै तपाई सम्पर्क गर्ने उत्तम तरिका हो भन्नु भएको भए,Department of Employment ले तपाईलाई SMS पठाउनेछ, तसर्थ तपाईले यी जानकारी हरु वेभसाईट www.jobsearch.gov.au मा उपलब्ध छ भन्ने कुरा थाहा पाउनु हुनेछ।
- तपाईले Job Seeker JobSearch app राख्नु भएको छ भने त्यसबाट - यदि तपाईले हामीलाई SMS बाट सम्पर्क गरिनु चाहानुहुन्छ भनि जनाउनु भएको भए र Job Seeker (नोकरी खोज्ने) JobSearch app (जब सर्च याप) छ भने, तपाईंलाई Department of Employment ले पुस नोटिफिकेसन(push notification) पठाउने छ जसले तपाईलाई त्यस बारेमा जानकारी www.jobsearch.gov.au मा आएको छ भन्ने थाहा हुनेछ।
- चिठ्ठी – यदि तपाईले हामीलाई SMS उत्तम सम्पर्क प्रविधी हो भनि नजनाउनु भएको भए, तपाईलाई Department of Employment ले पत्र द्वार सम्पर्क गर्नेछ।

## के यदि मैले एक पूरक भुक्तानी प्राप्त गरेको भए नी?

केही मानिसहरू वर्तमान $२०.८० हरेक दुई हप्तामा प्राप्त गरिरहेका छन् किनभने उनिहरुले Work for the Dole जस्ता कृयाकलापहरु गरिरहेका हुन्छन्।

तपाईको आफ्नो परिस्थिति अनुकूल, तपाईको आफ्नो Employment Pathway Plan वर्तमान Job Services Australia प्रदाता १ जुलाई २०१५ भन्दा अगाडि परिवर्तन हुन सक्छ र तपाई को लागि पूरक प्राप्त गतिविधिहरु रोक्न सक्नुहुनेछ। यदि यस्तो भएमा, तपाईको आफ्नो पूरक १ जुलाई २०१५ अघि बन्द हुनेछ।

अन्यथा, हरेको दुई दुई हप्तामा $२०.८० प्राप्त गर्नुहुनेहरुलाई Department of Human Services (मानविय सेवा विभाग)ले १ जुलाई २०१५ मा बन्द हुनेछ।

यदि तपाईको jobactive संगठनहरुले तपाईंले उक्त $२०.८० पाउँदै आउनुभएको रकम उचित ठहर्याएमा र यसलाई निरन्तरता दिन उचित लागेमा वा हरेक दुई हप्तामा हासिल गर्दै आउनु भएको भुक्तानी १ जुलाई २०१५ पछि पनि प्राप्त गर्न सक्षम हुन सक्छ।

याद गर्नुहोस् कि यदि तपाले लगत्तै १ जुलाई २०१५ मा Work for the Dole जस्ता कृयाकलाप गर्दै आउनु भएको छ भने, तपाईंलाई रोक्न नभनिए सम्म लागिरहन पर्छ भनेर नबिर्सनुहोस्। तपाईलाई फिर्ता रकम हरेक डुई हप्ताको दरले $२०.८० तपाईले गर्नु भएको कुनै पनि योग्य गतिविधि लागि भुक्तानी गरिनेछ।

## मद्दतकोलागि म कहाँ जाने?

यदि तपाई संग jobactive को बारेमा कुनै प्रश्नहरु भएमा वा थप जानकारी लिन चाहानु भएमा, तपाईले निम्न कुराहरु गर्नु पर्नेछ:

- तपाईको हालको Job Services Australia प्रबन्धकहरु सँग कुरा गर्नुहोला
- www.employment.gov.au/jobactive मा हेर्नुहोला
- www.employment.gov.au/jobactive मा हेर्नुहोला
- National Customer Service Line (राष्ट्रिय ग्रहाक सेवा लाईन)को **1300 854 414*** मा फोन गर्नुहोला

## के यस तथ्य पत्रमा तपाईलाई मद्दत चाहिन्छ?

यदि तपाईलाई दोभाषेको आवश्क परेमा, कृपया Translating and Interpreting Service(TIS) (ट्रान्सलेटिङ्ग एण्ड ईन्टरपेटिङ्ग सर्भिस) को **131 450*** मा फोन गरेर **1300 854 414*** माग्नुहोला।

यदि तपाई बहिरा हुनुहुन्छ भने, वा सुन्न सक्ने शक्तिमा कमजोरी छ भने National Customer Service Line लाई National Relay Service (नेशनल रिले सर्भिस) को माध्ययम बाट सम्पर्क गर्नुहोला। थप जानकीको लागि कृपया www.relayservice.gov.au मा हर्नुहोला।

*टिप्पणी गर्नुहोस् कि '13' नंम्बरमा तपाईको मोबाईल फोन बाट फोन गर्दा कलको पैसा लाग्ने छ।